# भिब्रियो ब्याक्टेरियाबाट दूषित पानी र सेलफिस

भिब्रिरो ब्याक्टेरियाले रोग निम्त्याउन सक्छ। काँचो वा कम पकाएको सेलफिस, विशेष गरी ओइस्टर वा दूषित पानीको कनटेक्यमा आउनुले ग्यास्ट्रोइन्टेस्टिनल रोग, घाउको सङ्क्रमण र सेप्टिसिमिया रगतको सङ्क्रमण लगायत स्वास्थ्य जोखिम निम्त्याउन सक्छ। जलवायु परिवर्तनले बाढीको जोखिम बढाउँछ र उच्च समुद्री पानीको तापक्रम निम्त्याउँछ जसले तटीय पानीमा भिब्रियो ब्याक्टेरियाको मात्रा बढाउन सक्छ।

**को उच्च जोखिममा छ?**



- 65 वर्षभन्दा माथिका मानिसहरू
- 5 वर्षभन्दा कम उमेरका बालबालिका
- गर्भवती महिला
- कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरू
- कलेजो रोग वा थैलेसीमिया भएका मानिसहरू
- काँचो सेलफिस, विशेष गरी ओइस्टर सेवन गर्ने मानिसहरू
- पेटमा एसिडको मात्रा घटाउन औषधि लिने मानिसहरू, जस्तै एन्टासिडहरू

**हामीले यस बारेमा के गर्न सक्छौँ?**



- भिब्रियो सङ्क्रमणका लक्षणहरू जान्नुहोस्: पखाला, पेट दुखाइ, वाकवाकी, बान्ता र चिसो
- खुला घाउहरू वा काटिएको अवस्थामा न्यानो समुद्री पानीसँग छालाको कनटेक्यबाट बच्नुहोस्
- सेलफिस खाएपछि वा दूषित पानीको कनटेक्यमा आएपछि यीमध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सा हेरचाह खोज्नुहोस्
- भिब्रियो ब्याक्टेरियाका बारेमा थप जान्नुहोस्

**यसमा गएर थप जान्नुहोस्:**
mass.gov/ClimateAndHealth

Bureau of Climate and Environmental Health
Environmental Toxicology Program
Massachusetts Department of Public Health